# कनकाई नगरपालिका
## नगरकार्यपालिकाकोकार्यालय

जामुनबारी झापा १ न. प्रदेश नेपाल

मेलाबजार ठेक्का लगाउने सम्वन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७५\०८\२७)**

यस कनकाई नगरपालिकाको वडा न. ४ महेन्द्र राजमार्ग उत्तरकोटिहोम पश्चिम कनकाई नदिको पूर्वि किनार क्षेत्रमा परम्परागत रुपमा सञ्चालन हुदै आएको **धार्मिक** रमाईलो माईमेला (मक्करमेला) यस वर्ष पनि मिति २०७५।९।२८ गते देखी २०७५।१०।२ गते **सम्म सञ्चालन हुने भएकोले** उक्त मेलामा बजार तथा रमाईलो मेला संचालन गर्न ठेक्का लिन ईच्छुक ब्यक्ती ,कम्पनी, फर्महरुले **तपशिल बमोजिमको शर्त** भित्र रही शिलबन्दी ठेक्का फारम पेश गर्न हुन यो सूचना आब्हान गरीएको छ ।

## तपशिल

१ मेला बजार संचालन गर्न ठेक्का बापतको न्यूनत्म अंक **रु ८,००,०००।- अक्षेरुपी आठ लाख मात्र** भ्याट बाहेक कायम गरिएको छ ।

२ **ठेक्का फारम** खरिद गर्न इच्चुक **ब्यक्तिहरुको** हकमा नेपाली नागरिकता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर प्रमाणपत्र को **प्रतिलिपि , फर्म तथा** कम्पनीको हकमा नबीकरण भएको ईजाजत पत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि संम्लग्न गरी बोलपत्र फारम रु १००।- फिर्तानहुने गरी बुझाई **सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति** २०७५\०९\१२ गते) सम्म कार्यालय समयभित्र यस कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

३ **मूल्य** अभिबृद्धी कर बाहेक कबोल **अङ्कको** ५ प्रतिशतले हुने रकम नगदै यस नगरपालिकाको धरौटी हि.न १४७०३०००००००००३०००००२ **नेपाल बैङ्क लि., सुरुङ्गा** शाखामा जम्मा गरेको **भौचर** बोल पत्र साथ पेश गर्नु पर्नेछ ।

४ **ठेक्का** फारम २०७४।९।१२ गतेदिनको १२ बजे भित्र यस न.पा को **कार्यालयमा** दाखिला गरी सक्नु पर्ने छ **र** सोही दिनको २ बजे **यस नगरपालिका र ठेकेदारको प्रतिनिधीको** रोहवरमा **दरभाउपत्र** खोलीने छ । **ठेकेदारको प्रतिनिधी** उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५ सर्त राखी, निर्धारित म्याद नाघी **वा रीत** नपुगी आएका बोल पत्रहरुलाई मान्यता दिईने छैन ।

६ ठेक्का सम्बन्धि बुझाउनु पर्ने सम्पुर्ण दस्तुर कर ठेकेदार आफैले बुझाउनु पर्ने छ ।

७ **ठेकेदारले ठेक्का सदर भएको** सूचना प्रकाशित मितिले ३ दिन भित्र कबोल गरेको एक मुष्ठ रकम बुझाई मेला संचालनका लागी ईजाजत पत्र लिई सक्नु पर्ने छ ।

८ ठेक्का रकम नगरपालिकाले उपलबध गराएको दरेटको अधिनमा रहि असुल गर्नु पर्ने छ ।

९ उच्चतम ठेक्का कबुल गर्ने प्रथम **ठेकेदारले** ३ दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी जफत गरी दोश्रो **ऊच्चतम कबोल गर्ने ठेकेदार** सगँ सम्झौता गरीने छ ।

१० मेला संचालन सम्बन्धमा **प्रचलित कानून** बाट निशेष गरीएका **जोखीमयुक्त** खेल खेलाउन तथा गतिबिधि संञ्चालन गर्न गराउन पाईने छैन । अन्य जानककारीका लागी न.पा कार्यलयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

११ छनौट भएको ठेकेदारले मेलाबजार ब्यबस्थित गर्नको लागी देहायबमोजिमको दायित्व पुरा गर्नु पर्नेछ।

- छनौट भएको ठेकेदारले सरसफाई तथा धुलो नियन्त्रणका लागी पानि हाल्ने कार्य
- फोहोरमैला व्यबस्थापनको कार्य
- अस्थाई शौचालयको व्यबस्था
- अस्थाई पुल निर्माण गर्ने कार्य (ह्युम पाईप राखेर)
- सी.सी क्यामेरा जडान गर्ने कार्य

ठेकेदारले सम्झौता गर्नुपूर्व यस कनकाई नगरपालिकामा रु १,००,०००।- (एक लाख मात्र) धरौटी राख्नु पर्नेछ, उक्त रकम कार्यसम्पादन भइसके पश्चात फिर्ता गरिनेछ। माथि उल्लेखित कार्यहरु ठेकेदारले नगरेमा उक्त धरौटी रकम बाट कट्टा हुने गरी सो कार्यहरु नगरपालिका स्वंम ले सम्पादन गर्नेछ।

१२ माथि उल्लेखीत बाहेकका बिषयमा प्रचलित कानुन र यस नगरको नगरकार्यपालिकाको निर्णयानुसार हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी झापा
१ नं प्रदेश नेपाल